**आर्थिक वर्ष २०७७/७८ को सेवा र कार्यका लागि सूर्योदय नगरपालिकाको सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

**प्रस्तावना :** आर्थिक बर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागि सूर्योदय नगरपालिका, इलामको सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम सूर्योदय नगरपालिका, इलामको नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "सूर्योदय नगरपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन मिति २०७७ साल श्रावण १ गते बाट प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७७/७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** आर्थिक वर्ष २०७७/७८ मा नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची -१ मा उल्लिखित बजेट उपशीर्षकहरुको रकम रु. १,१९,५०,००,००० (अक्षरेपी रुपैयाँ एक अर्व उन्नाइस करोड ५० लाख मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन :** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/७८ को निमित्त सूर्योदय नगरपालिका, इलामको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा प्रविष्ट भए बमोजिमका सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सेवा र कार्यको निमित्त विनियोजन गरेको रकममध्ये कुनै खर्च शीर्षकमा बचत हुने र कुनै खर्च शीर्षकमा अपुग हुने भएमा नगर कार्यपालिकाले बचत हुने खर्च शीर्षकबाट अपुग हुने खर्च शीर्षकमा रकम सार्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा अपुग हुने शीर्षकमा विनियोजन भएको रकमको पच्चिस प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी खर्च शीर्षकबाट अर्को एक वा एकभन्दा बढी खर्च शीर्षकमा रकम सार्न तथा निकासा र खर्च जनाउन र चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिनेछ ।

तर,

(क) पूँजीगत खर्च शीर्षकबाट चालू खर्च शीर्षकमा रकम सार्न सकिने छैन ।

(ख) चालु खर्चबाट पूँजीगत खर्च गर्न तथा पूँजीगत खर्च व्यहोर्न एक शीर्षकबाट अर्को शीर्षकमा रकम सार्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम पच्चिस प्रतिशतभन्दा बढी रकम कुनै एक शीर्षकबाट अर्को शीर्षकमा सार्नुपर्ने भएमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

(५) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि खर्च शिर्षक नं. २८९११ र ३१५११ मा विनियोजन भएको रकम जुन शिर्षकमा निकासा र खर्च हुने हो सोही शिर्षकमा सार्न तथा निकासा गर्न र खर्च जनाउन वाधा पर्ने छैन ।

(६) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा समावेश भएको कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनका लागि स्वीकृत कार्यक्रम मानिनेछ ।

(७) सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा समावेश भएको कुनै खर्च शीर्षकमा एकमुष्ठ समावेश भएको रकम खण्डीकरण गरी विभिन्न कार्यक्रममा खर्च गर्नको लागि नगर कार्यपालिकाको स्वीकृति लिनुपर्नेछ ।

**४. अख्तियारी:** (१) यस ऐन बमोजिम विनियोजन भएको रकम खर्च गर्न यो ऐन स्वीकृत भएको मितिले सात दिनभित्र नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई रकम खर्च गर्ने अख्तियारी प्रदान गर्नु पर्नेछ ।

(२) प्रमुख प्रशासकीय अधिकृतले उपदफा (१) बमोजिम अख्तियारी प्राप्त गरेको मितिले पन्ध्र दिनभित्र विषयगत शाखा प्रमुख वा वडा सचिवलाई रकम खर्च गर्ने अख्तियारी प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अख्तियारी प्रदान गर्न विषयगत शाखा वा वडा कार्यालयमा कम्तीमा अधिकृत स्तरको कर्मचारी र आर्थिक प्रशासन सम्बन्धी कर्मचारीको दरबन्दी रही पदपूर्ति भएको हुनुपर्नेछ ।

**५. कार्यविधि तथा मापदण्ड बनाउन सक्ने:** (१) यस ऐनबमोजिम सूर्योदय नगरपालिकाको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको योजना वा कार्यक्रम कार्यान्वयन गर्नका लागि नगर कार्यपालिकाले कार्यक्रम कार्यान्वयन निर्देशिका स्वीकृत गरी लागू गर्न सक्नेछ ।

(२) प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्ष शुरु भएको पन्ध्र दिनभित्र उपदफा (१) बमोजिमको कार्यक्रम कार्यान्वयन निर्देशिकाको मस्यौदा तयार गरी स्वीकृतिका लागि नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मस्यौदा तयार गर्दा विषयगत शाखा, वडा कार्यालय वा कार्यक्रम कार्यान्वयन गर्ने निकायसँग परामर्श लिन सकिनेछ ।

(४) उपदफा (१) बमोजिमको निर्देशिका स्थानीय राजपत्रमा प्रकाशन गरिनेछ ।

६. **बाधा अड्काउ फुकाउन सक्ने :** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा नगर कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

## अनुसूची १

### दफा २ सँग सम्बन्धित

### सञ्चित कोषबाट विनियोजन हुने रकम रु. हजारमा

| क्र.सं. | वजेट उपशिर्षक नं | | चालु खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ८०१०३४०४१११ | नगर कार्यपालिकाको कार्यालय | ११८९१२ | ७३०० | | १२६२१२ |
| २ | ८०१०३४०४२०१ | सूर्योदय नगरपालिकावडा नं.१ | ८५० | १५८५२ | | १६७०२ |
| ३ | ८०१०३४०४२०२ | सूर्योदय नगरपालिकावडा नं.२ | १२८५ | १०५३० | | ११८१५ |
| ४ | ८०१०३४०४२०३ | सूर्योदय नगरपालिकावडा नं.३ | १६२५ | ५८५० | | ७४७५ |
| ५ | ८०१०३४०४२०४ | सूर्योदय नगरपालिकावडा नं.४ | १६३१ | १३३५० | | १४९८१ |
| ६ | ८०१०३४०४२०५ | सूर्योदय नगरपालिकावडा नं.५ | १४५० | १११११६ | | १२५६६ |
| ७ | ८०१०३४०४२०६ | सूर्योदय नगरपालिकावडा नं.६ | ९५१ | ५४०० | | ६३५१ |
| ८ | ८०१०३४०४२०७ | सूर्योदय नगरपालिकावडा नं.७ | ९३८ | १०७३५ | | ११६७३ |
| ९ | ८०१०३४०४२०८ | सूर्योदय नगरपालिकावडा नं.८ | १९७५ | ६१८१ | | ८१५६ |
| १० | ८०१०३४०४२०९ | सूर्योदय नगरपालिकावडा नं.९ | १०७० | ६४३९ | | ७५०९ |
| ११ | ८०१०३४०४२१० | सूर्योदय नगरपालिकावडा नं.१० | १६८० | ६७५० | | ८४३० |
| १२ | ८०१०३४०४२११ | सूर्योदय नगरपालिकावडा नं.११ | १२२० | ६२२८ | | ७४४८ |
| १३ | ८०१०३४०४२१२ | सूर्योदय नगरपालिकावडा नं.१२ | १३४९ | ५९७० | | ७३१९ |
| १४ | ८०१०३४०४२१३ | सूर्योदय नगरपालिकावडा नं.१३ | १२८४ | ४९०० | | ६१८४ |
| १५ | ८०१०३४०४२१४ | सूर्योदय नगरपालिकावडा नं.१४ | १५७५ | ९२७५ | | १०८५० |
| १६ | ८०१०३४०४३०१ | सूर्योदय नगरपालिका - शिक्षा | २१३४७ | ८६०० | | २९९४७ |
| १७ | ८०१०३४०४३०२ | सूर्योदय नगरपालिका - स्वास्थ्य | १५४२३ | ४३०० | | १९७२३ |
| १८ | ८०१०३४०४३०३ | सूर्योदय नगरपालिका - कृषि | २१०६३ | १४७८५ | | ३५८४८ |
| १९ | ८०१०३४०४३०४ | महिला वालवालिका समाजकल्याण तथा सामाजिक समावेशीकरण | १९६१५ | २५०० | | २२११५ |
| २० | ८०१०३४०४३०६ | सूर्योदय नगरपालिका- अन्य पूर्वाधार | ६०० | २६९५९२ | | २७०१९२ |
| २१ | ८०१०३४०४३०७ | सूर्योदय नगरपालिका- प्रवर्द्धनात्मक कार्य | ५३२०० | ८००० | | ६१२०० |
| २२ | ८०१०३४०४५०२ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | १४०६ | १२०००० | | १२१४०६ |
| २३ | ८०१०३४०४५११ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | ३१५४५६ | ३३४४४ | | ३४८९०० |
| २४ | ८०१०३४०४५१३ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) | | १२००० | | १२००० |
| २५ | ८०१०३४०४५२३ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) | | १०००० | | १०००० |
| **कूल जम्मा** | | | **५८५९०३** | **६०९०९७** | ० | **११९५०००** |